जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १७५ • २०८२ बैशाख ३ गते बुधवार • 16 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

# माओवादी केन्द्र यतिबेला २०८४ को चुनावमा मधेसमा गुमेको साख फर्काउने रणनीतिक योजनामा

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २ बैशाख

२०६३ सालपछि लगातार जनमत र जनाधार गुमाउँदै गएको माओवादी केन्द्र यतिबेला २०८४ को चुनावमा मधेसमा गुमेको साख फर्काउने रणनीतिक योजनामा जुटेको छ। जनस्तरमा सम्बन्ध जोड्न मधेस प्रदेशबाट 'जनतासँग माओवादी, तराई-मधेस जागरण अभियान' चलाएर उत्साहित माओवादी संगठनकै चिरफार गरेमात्र सफल हुने निष्कर्षमा पुगेको छ।



**निकै कमजोर बन्दै गएको माओवादीले २०८४ मा भने २०६४ र २०७४ को विरासत फर्काउने दाबी गर्दै आएको छ । जनतासँग माओवादी, तराई-मधेस जागरण अभियानका क्रममा अध्यक्ष प्रचण्डले आत्मसमीक्षा गरी गल्ती सुधारेर पुरानो विरासत फर्काउने बताए**

पार्टीभित्र मौलाएका गुट नमासेसम्म संगठन चलायमान हुन नसक्ने ठहर भएपछि केही दिनअघि मात्र सप्तरी र महोत्तरीमा इन्चार्जको जिम्मेवारी परिवर्तन गरिएको छ। महोत्तरीमा केन्द्रीय सदस्य प्रकाशहरि पोखरेलले इन्चार्जको जिम्मेवारी पाएका छन् भने सप्तरीमा विश्वनाथ साहले पाएका छन् । तर, अहिले दिएको जिम्मेवारीले भने माओवादी केन्द्र गुट, उपगुट मासेर पार्टी निर्माणमा लागेको देखिएको मधेसका राजनीति विश्लेषकहरू बताउँछन्। माओवादीभित्र जनयुद्व पृष्ठभूमि र जनयुद्वमा सहभागी नभएकाबीच अहिले पनि ठुलो खाडल छ। मधेसमा जनयुद्व लडेका माओवादीहरूको नेतृत्व मातृका यादवले गरेको देखिन्छ भने जनयुद्व नलडेको अर्थात् पूर्वजनमोर्चा गुटको नेतृत्व गिरिराजमणि पोखरेलले गरेका छन्। कहिलेकाहीँ यी गुटहरूको रमिता पार्टीभित्र मात्र होइन, बाहिर नै छताछुल्ल हुने गरेको छ।

यतिसम्म कि कुनै समय यी हाई-प्रोफाइल नेताहरू सार्वजनिक कार्यक्रमहरूमा आमनेसामने समेत पर्न चाहँदैनथे । पार्टी केन्द्रले नारायणकाजी श्रेष्ठ समूहलाई मधेसमा बढी जिम्मेवारी दिएको र जनयुद्व लडेर आएका माओवादीलाई जहिल्यै पाखा लगाएको आरोप मातृका यादवको थियो । दुवै गुटको घेराबन्दीमा परेका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मध्यमार्गी बाटो कसरी तय गर्लान् भन्ने अड्कलबाजीका बीच 'जनतासँग माओवादी, तराई-मधेस जागरण अभियान'मा आफैं सहभागी भएर जहाँ जसको वर्चस्व छ, त्यसैलाई आधार बनाएर अघि बढ्नुपर्छ भन्ने निष्कर्षमा पुगेको देखिन्छ । परिणामस्वरूप गिरिराजमणि पोखरेल निकट मानिने केन्द्रीय सदस्य प्रकाशहरि पोखरेलले जिल्लास्थित कमान्डरको जिम्मेवारी पाएका छन् । यसैबीच, जिल्ला इन्चार्जको नेतृत्व पोखरेललाई दिएसँगै १० वर्षदेखि नेतृत्वमा रहेका अर्का केन्द्रीय सदस्य राजु खड्का बहिगर्मन भएका छन्। स्थानीय तह, प्रदेश र संघीय निर्वाचन परिणामको विषयमा पार्टीभित्रको आन्तरिक मतभेद सतहमा आएका बेला पोखरेलले पार्टीलाई सन्तुलन बनाइराख्न र पुरानो विरासत फर्काउन कस्तो अभ्यास गर्लान् भन्ने चासो बढेको छ।

पार्टीको आधार इलाका मानिने यस क्षेत्रमा हाई-प्रोफाइलका नेता गिरिराजमणि पोखरेलले समेत पराजय बेहोर्नुपरेको थियो। मधेसमा एमाले र कांग्रेसको मत स्थिर देखिए पनि माओवादी २०६३ देखि २०७९ सम्म आइपुग्दा खुम्चिँदै गएको छ। २०७४ सालमा ५ सिट जितेको पार्टी २०७९ सालको चुनावमा आइपुग्दा १ सिटमा चित्त बुझाउनुपऱ्यो । सर्लाहीबाट महिन्द्र राय यादवले मधेसबाट 'निल' जाने अवस्थाबाट माओवादीलाई जोगाइदिए। त्यो पनि बाबुराम भट्टराईले नेतृत्व गरेको नेसपाका नेता रहेका यादव अन्तिम समयमा माओवादीको चुनाव चिह्न लिएर निर्वाचन लडेका थिए।

प्रदेशसभा र स्थानीय तहमा पनि माओवादी खुम्चिँदै गएको छ । २०७४ को चुनावमा मधेस प्रदेशसभामा प्रत्यक्षतर्फ ६ सिट जितेको माओवादीले २०७९ को चुनावमा जम्मा ४ सिट जितेर प्रदेशमा छैटौं दल बन्यो। मधेसका १३६ स्थानीय तहमध्ये २०७४ सालको स्थानीय निर्वाचनमा माओवादीले २१ स्थानीय तहमा १३ प्रमुख र ८ अध्यक्ष जितेको थियो। २०७९ को निर्वाचनमा जम्मा ९ वटामा मात्र जित्यो। निकै कमजोर बन्दै गएको माओवादीले २०८४ मा भने २०६४ र २०७४ को विरासत फर्काउने दाबी गर्दै आएको छ। 'जनतासँग माओवादी, तराई-मधेस जागरण अभियान'का क्रममा प्रचण्डले भनेका छन्, 'रूपान्तरणसहित पार्टीले आत्मसमीक्षा गर्नेछ र पुरानो विरासत फर्काउनेछ ।' अहिले मधेस प्रदेश इन्चार्जको जिम्मेवारीमा मातृका यादव छन्। यसअघि इन्चार्ज रहेका लीलामणि पोखरेललाई भन्दा मधेसी भूगोलबाट इन्चार्ज बनाउनुपर्ने आवाज उठेपछि यादवलाई पार्टी केन्द्रले इन्चार्जको जिम्मेवारी दियो । 'पहिले जस्तो मातृकाजी हुनुहुन्न । अब पार्टीलाई नयाँ ढंगबाट अघि बढाउनुपर्छ भन्ने हिसाबले उहाँ तयार भएको देखिन्छ,' जनयुद्वइतर गुटका एक नेताले भने, 'मधेसमा पहिलेजस्तो गुटको नाममा आन्तरिक मतान्तर छैन।

सबैको साझा उद्देश्य पार्टीलाई नयाँ ढंगले अघि बढाउनुपर्छ र पुरानो विरासत फर्काउनुपर्छ भन्ने नै छ ।' गुटगत लडाइँकै कारण २०७९ मा सबैभन्दा बढी फाइदा मधेसमा नेकपा एमालेले लियो । माओवादीबाट असन्तुष्ट नेता, कार्यकर्तालाई जिम्मेवारीसहित एमालेले पार्टी प्रवेश गराउने नीति नै बनाएको थियो । परिणामतः अहिले एमाले मधेसको सबैभन्दा वलियो शक्तिका रूपमा छ। २०७४ मा माओवादी र एमाले बराबरी जस्तै थिए।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Kuwa
Contact : 9824877627, 9844027971, 9815830601
Announces
Admission Open
for Session 2082
Entrance Exam Schedule
Form Distribution : 2082/01/02
Entrance Exam : 2082/01/3,4,5
Time : 11 AM
Result Publication : 2082/01/06
Time : 1 PM
Enrollment : From 2082/01/06
Class Begins : 2082/01/07, 10 AM

वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा
- श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोके बमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भरपाई लिऔं,
- वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिऔं,
- सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परक्षिण गराऔं,
- नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय....................

# आन्तरिक अर्थतन्त्र सुधार गर

*नेपालले विप्रेषणबाट धेरै लाभ लिएको छ । अर्थतन्त्रका सबै सूचक नकारात्मक भइरहेको अवस्थामा देशको अर्थतन्त्रमा योगदान गर्ने भनेको विप्रेषण मात्र देखिन्छ । के बुझ्नु पर्छ भने विप्रेषण सधैँ राम्रो मात्र हुन सक्दैन । रोजगारी प्रदायक विदेशी मुलुकमा आर्थिक नीतिमा केही परिवर्तन आउनासाथ त्यसको प्रत्यक्ष असर विप्रेषण प्राप्त गर्ने मुलुकलाई परिहाल्छ । यस्तो अवस्थामा रोजगारी टुट्न सक्छ । कुनै एक देशको मानिस अर्को देशमा गएर कमाएर स्वदेशमा पठाएको पैसालाई विप्रेषण भनिन्छ । नेपालमा यसको सुरुवात कहिलेदेखि भएको हो भन्ने इतिहास कोट्याउन त्यति सजिलो छैन । यद्यपि गाउँघरमा कलकत्ते र लाहुरे भन्ने प्रचलन हटिसकेको छैन ।*

*यिनै शब्दहरूको विकसित रूप हो विप्रेषण । भनिन्छ स्वदेशमा रोजगारीका अवसर सिर्जना नभएका हुनाले ठुलो जनशक्ति विदेश पलायन भएको छ । यसरी विदेश पलायन हुनेहरू विदेशी रोजगारीका लागि नै गएका हुन् । करिब ६० लाखको हाराहारीमा ऊर्जाशील जनशक्ति वैदेशिक रोजगारीका लागि बाह्य मुलुकमा गएको देखिन्छ । यही जनशक्तिले पठाएको पैसाले देशको अर्थतन्त्र केही हदसम्म धानिएको अवस्था छ ।*

*अहिलेको अवस्थामा नेपालले विप्रेषणबाट राम्रो आम्दानी गरेको छ । राष्ट्रिय बजेटको हाराहारीमा विप्रेषणको रकम भित्रिने गरेको छ । मानिसको ध्यान कृषि, उत्पादन, पर्यटन जस्ता क्षेत्रमा जाँदैन किनभने विप्रेषणको पैसाले सहज रूपमा वस्तु उपलब्ध गर्न सकिने भएकाले आन्तरिक उत्पादन खस्कँदै जाने र राष्ट्रिय अर्थतन्त्र कमजोर हुँदै जाने सम्भावना बढी हुन्छ । त्यस कारण विप्रेषणमा केन्द्रित हुनुभन्दा आन्तरिक अर्थतन्त्र सुधार गर्नेतर्फ लाग्नु नै राम्रो बाटो हुन सक्छ ।*

# मुख्यमन्त्रीद्वारा जुडशीतल पर्वको अवसरमा सम्पूर्ण प्रदेशवासीको नाममा शुभकामना



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २ बैशाख**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जुडशीतल पर्वको अवसरमा सम्पूर्ण प्रदेशवासीको नाममा शुभकामना सन्देश जारी गर्नुभएको छ । उहाँले प्रदेश तथा देशवासी र विदेशमा रहेका नेपालीहरूलाई शुभकामना दिँदै यस पर्वले सामाजिक सद्भाव, स्वास्थ्य र पर्यावरणीय चेतनाको सन्देश दिने बताउनुभएको छ।मुख्यमन्त्री सिंहद्वारा जारी शुभकामना सन्देशमा जुडशीतल पर्वलाई धार्मिक, सांस्कृतिक र वैज्ञानिक दृष्टिकोणले महत्वपूर्ण पर्वको रूपमा उल्लेख गरिएको छ। उहाँले यस पर्वले प्रकृति र मानवीय जीवनबीचको सम्बन्धलाई सन्तुलित गर्न प्रेरणा दिने जनाउँदै, “जुडशीतलले मानव जीवनलाई शीतलता, दीर्घायु र समृद्धिको कामना गर्ने पर्व हो,” भन्नुभएको छ।

मुख्यमन्त्री सिंहका अनुसार जुडशीतल पर्व प्राकृतिक परिवर्तन, वातावरण संरक्षण र जलवायु सन्तुलनजस्ता विषयमा जनचेतना फैलाउने अवसर पनि हो।वातावरणीय सन्तुलन र जलचक्रलाई ध्यानमा राख्दै जुडशीतलका दिन रूखबिरुवामा पानी हाल्ने परम्पराले वर्षभरिका लागि सकारात्मक प्रभाव पार्ने विश्वास रहेको छ। उहाँले जलवायु परिवर्तन, जैविक विविधताको सन्तुलन, प्रदूषण नियन्त्रण र वातावरणीय समस्या समाधानका लागि जुडशीतल पर्वको वैज्ञानिक महत्वलाई समेत स्मरण गराउँदै परम्परा र आधुनिक ज्ञानबीचको समन्वय आवश्यक रहेको बताउनुभयो । शुभकामना सन्देशमा सामाजिक सहकार्य, आपसी सद्भाव, मानवीय करुणा र प्रकृतिप्रति श्रद्धाको विकास गर्न जुडशीतल पर्व महत्त्वपूर्ण माध्यम बन्ने उल्लेख गरिएको छ।“हाम्रो परम्परा, संस्कृति र धर्मले प्रकृतिप्रतिको प्रेम र संरक्षणको भावना विकास गराउँदै आएको छ,” मुख्यमन्त्री सिंहले भन्नुभएको छ ।सबैलाई यो पर्वको अवसरमा जल, जंगल, जमीनजस्ता प्राकृतिक स्रोतको संरक्षण गर्दै सहकार्य र समझदारीको भावना अभिवृद्धि गर्न उहाँको आग्रह रहेकोछ। मुख्यमन्त्री सिंहले जुडशीतल पर्वमा मनाइने परम्परागत अभ्यासहरूको वैज्ञानिक पक्षप्रति समेत प्रकाश पार्दै भन्नुभएको छ, “गर्मी मौसममा सुपाच्य खाना, स्वच्छता, जल सेवन र दहीको सेवन स्वास्थ्यका दृष्टिकोणले लाभदायक हुने भएकाले यस्ता परिकारको प्रयोग केवल परम्परा नभई वैज्ञानिक कारणले पनि सान्दर्भिक छ।”सम्पूर्ण मधेशवासी तथा नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई जुडशीतल पर्वले विवेक, शान्ति, स्वास्थ्य र समृद्धिको सन्देश दिइरहोस् भन्ने मुख्यमन्त्री सिंहको कामना छ।

# पूर्ववडाध्यक्ष पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ बैशाख**

महोत्तरी जिल्लाको सोनमा गाउँपालिकाका पूर्ववडाध्यक्ष राजदेव यादवलाई प्रहरीले सोमबार पक्राउ गरेको छ । सोनमा गाउँपालिकाको वडा नम्बर ८ का पूर्ववडाध्यक्ष राजदेव यादवलाई ज्यान मार्ने मुद्दामा पक्राउ गरिएको महोत्तरी प्रहरीले जनाएको छ । सिंहासिनी घर भएका यादवमाथि आत्महत्या दुरुत्साहनको अभियोगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । उच्च अदालत जनकपुरधामले यादवलाई आत्महत्या दुरुत्साहनको मुद्दामा पक्राउ गर्न परमादेश जारी गरेको बताइएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहेका डीएसपी सन्तु जयसवारले जनाए अनुसार गौशाला प्रहरीले यादवलाई पक्राउ गरेको हो । २०८० असार ३० गते गोविन्द महतोले आत्महत्या गरेका थिए । मृतक महतोकी आमाले यादवमाथि किटानी जाहेरी दिन चाहेकी थिइन् । तर जिल्ला प्रहरी कार्यालय महोत्तरीले यादवमाथि मुद्दा दर्ता गर्न अस्वीकार गरेपछि मृतककी आमाले उच्च अदालत जनकपुरधामलाई गुहारेका थिए। उच्च अदालतले परमादेश मार्फत सो मुद्दा दर्ता गर्न जिल्ला प्रहरी महोत्तरीलाई निर्देशन दिएको छ।


# व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: मनमा पछुतो आउने
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कर वृद्धिमा कुनै पनि देशलाई नछोडिने ट्रम्पको चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ बैशाख



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कुनै पनि देश करको 'दायराबाट बाहिर नरहेको' चेतावनी दिएका छन् । ट्रम्पले विशेष गरी चिनियाँ आयातलाई लक्षित गरी विश्वव्यापी कर आक्रमण सुरु गरेदेखि नै विश्वका दुई ठूला अर्थतन्त्रहरूले तीव्र गतिमा कर वृद्धिको प्रतिशोधात्मक उपायलाई अपनाएको र यसले विश्वको अर्थतन्त्र उच्च जोखिमको खेलमा फसेका छ।

'जस्तालाई तस्तै' व्यवहारको आदानप्रदानले चीनमाथि लगाइएको अमेरिकी कर १४५ प्रतिशतसम्म बढेको छ भने बेइजिङले अमेरिकी आयातमा प्रतिशोधात्मक १२५ प्रतिशत कर लगाएको छ । अमेरिकी पक्षले शुक्रबार स्मार्टफोन, ल्यापटप, सेमीकन्डक्टर र अन्य इलेक्ट्रोनिक उत्पादनहरूको लागि कर छूटको सूची दिँदै दबाबलाई केही कम गरेको थियो। यी उत्पादनका लागि चीन एक प्रमुख स्रोत हो । ट्रम्प र उनका केही शीर्ष सहयोगीहरूले ९० दिन कर छूटको गलत अर्थ लगाइएको आइतबार बताएका छन् । यो अस्थायी मात्र हुनेछ किनकि ट्रम्पको टोलीले सूचीका धेरै वस्तुहरूमा नयाँ करहरू लगाउने दिशामा छलफल गरिरहेको छ। "चीन मात्र होइन, विशेष गरी जसले अहिलेसम्म हामीलाई करका हिसाबले सबैभन्दा खराब व्यवहार गर्दछ! कोही पनि 'कर वृद्धि'को जोखिमबाट टाढा छैन, अमेरिकी राष्ट्रपतिले शनिबार राति आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोशल प्लेटफर्म'मा जारी सन्देशमा भनेका छन्।

# यस्तो छ आजका लागि निर्धारित विदेशी मुद्राको विनिमयदर




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ बैशाख

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३७ रुपैयाँ ३७ पैसा र बिक्रीदर १३७ रुपैयाँ ९७ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर १५६ रुपैयाँ ४६ पैसा र बिक्रीदर १५७ रुपैयाँ १४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८१ रुपैयाँ २७ पैसा र बिक्रीदर १८२ रुपैयाँ ०७ पैसा, स्वीस फर्याङ्क एकको खरिददर १६७ रुपैयाँ ६९ पैसा र बिक्रीदर १६८ रुपैयाँ ४२ पैसा तोकिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ८७ पैसा र बिक्रीदर ८७ रुपैयाँ २५ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ १५ पैसा र बिक्रीदर ९९ रुपैयाँ ५८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ ४२ पैसा र बिक्रीदर १०४ रुपैयाँ ८८ पैसा निर्धारण गरिएको छ। यस्तै, जापानी येन १० को खरिददर नौ रुपैयाँ ६० पैसा र बिक्रीदर नौ रुपैयाँ ६४ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७९ पैसा र बिक्रीदर १८ रुपैयाँ ८७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ६० पैसा र बिक्रीदर ३६ रुपैयाँ ७६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८५ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १० पैसा र बिक्रीदर चार रुपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ४० पैसा र बिक्रीदर ३७ रुपैयाँ ५६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ११ पैसा र बिक्रीदर ३१ रुपैयाँ २५ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६७ पैसा र बिक्रीदर नौ रुपैयाँ ७१ पैसा निर्धारण गरिएको छ । यस्तै, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ २२ पैसा र बिक्रीदर १४ रुपैयाँ २८ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ९५ पैसा र बिक्रीदर २१ रुपैयाँ ०४ पैसा तोकिएको छ।

# सलमान खानलाई धम्की दिने व्यक्ति पक्राउ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ बैशाख



बलिउड अभिनेता सलमान खानलाई मार्ने धम्की दिने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। सोमबार अभिनेतालाई घरमै घुसेर मार्ने र कारलाई बमले उडाइदिने धम्की आएको थियो । धम्की वडोदरा नजिकैको एउटा गाउँबाट पठाइएको थियो । सन्देश पठाउने व्यक्ति २६ वर्षका भएको बताइएको छ ।

अप्रिल १४ मा उनले मुम्बईको वर्ली क्षेत्रमा रहेको यातायात विभागको आधिकारिक व्हाट्सएप नम्बरमा एउटा सन्देश पठाएका थिए, जसमा सलमान खानलाई उनको घर भित्रै घुसेर मारिने अनि कारलाई बमले उडाइनेछ भनेर लेखिएको थियो। एएनआईको हालैको रिपोर्ट अनुसार, खानलाई धम्की दिने व्यक्ति वडोदरा नजिकैको गाउँमा बस्ने २६ वर्षीय युवकको रूपमा पहिचान गरिएको छ । सुरुमा प्रहरीले समन पठाएर २-३ दिन भित्र उपस्थित हुन आदेश दिएको थियो । तर, यस मामिलाको गम्भीरतालाई ध्यानमा राख्दै उनलाई सोमबार पक्राउ गरियो । तर पक्राउ पर्ने युवकको नाम भने खुलाइएको छैन । छोराको मानसिक सन्तुलन ठीक नभएको परिवारको दाबी : रिपोर्टका अनुसार सन्देश पठाउने व्यक्तिको मानसिक अवस्था राम्रो नभएको अनुसन्धानबाट पत्ता लागेको छ। उनको उपचार भइरहेको दाबी संदिग्धको परिवारले गरेको छ । यो तथ्य पत्ता लगाउन प्रहरी अनुसन्धान गरिरहेको छ। पछिल्लो समय सलमानलाई ज्यान मार्ने धम्की निकै आइरहेको छ । गएकोको वर्षको अप्रिलमा अभिनेताको घरबाहिर गोलीबारी समेत भएको थियो।

# गोर्खाली रग्बी फेरि च्याम्पियन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ बैशाख



गोर्खाली रग्बी क्लब पाँचौं संस्करणको फिप्टिन्स रग्बी च्याम्पियनसिपको ट्रफी जितेको छ। मंगलबार लिगको अन्तिम खेलमा नेपाल पुलिस क्लबलाई ५५-० अंकले पराजित गर्दै गोर्खाली रग्बीले उपाधि रक्षा गरेको हो। गोर्खालीले लिगका तीनै खेल जित्दै तालिकाको शीर्षस्थानमा स्थान बनाएको थियो।


मंगलबारै अर्को खेलमा त्रिभुवन आर्मी क्लबले एपीएफ क्लबलाई संघर्षपूर्ण खेलमा १९-७ अंकले पराजित हराएको छ। गत वर्ष उपविजेता एपीएफ भने तेस्रो स्थान रह्यो। पुलिस क्लब अंकबिहीन रह्यो । विजेता टोलीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङ, राखेप कार्यकारी सदस्य कमलबहादुर भट्टराई, नेपाल रग्बी संघका वरिष्ठ उपाध्यक्ष चेतनराज गिरी र महासचिव गोविन्द घिमिरेले पुरस्कार प्रदान गरे। विजेताले २ लाख २२ हजार २ सय २२ र उपविजेताले १ लाख ११ हजार १ सय ११ रुपैयाँ पुरस्कार पाए । सर्वोकृष्ट खेलाडी गोर्खाली रग्बी क्लबका विजय खड्का घोषित भए। उनले १५ हजार पाए। प्रतियोगिताका कठिन मानिएका दुई खेलमा एपीएफ र आर्मीलाई पराजित गरिसकेको गोर्खाली रग्बीका लागि मंगलबारको खेल तुलनात्मक रूपमा सहज र एकपक्षीय बनेको थियो।

नेपाल रग्बी संघको आयोजनामा राउन्ड रोबिन लिगको आधारमा भएको खेलमा तीन विभागिय र गोर्खाली रग्बी गरी चार टोलीको सहभागिता थियो । दुई महिनापछि नेपाल र बंगलादेशबीच काठमाडौंमा हुने फिप्टिन्स रग्बी शृंखलालाई यसै स्पर्धाबाट खेलाडी छनोट गरिने संघले जनाएको छ।





लोहारपट्टी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल



# प्रतिभा नचिन्ने शासक

-जनता निराश छन् । संविधान वा गणतन्त्रको कारणले होइन, सरकारको कारणले । राजावादीको हालको जुलुस र घटना पनिसंविधान र गणतन्त्रको कारणले होइन । सरकारको अक्षमताका कारणले हो । प्राधिकरण तथा कर्पोरेसन गठनको उद्देश्य कुलमानजस्ता 'ट्यालेन्ट' व्यक्ति खोजीखोजी नियुक्ति गरेर सञ्चालन गर्ने हो । ग्रीक दार्शनिक एरिसटोटलले चित्रित गरेको 'संविधान सिद्धिने' अवस्था र नेपालमा चर्चित 'सतीले सरापेको' भन्ने वाक्यांश मिल्दाजुल्दा छन् । एरिसटोटलले 'द पोलिटिक्स' को खण्ड ४ मा 'होयर ल डज नट रुल दियर इज नो कन्स्टिच्युसन' भनेका थिए । नेपालमा त्यही भइरहेछ । संविधान पालना हुँदैन । कानुन लागू हुँदैन । सरकार नै संविधान मिचेर बनेको छ । संविधान कागजको खोस्टो बनाइएको छ । सरकारको चौतर्फी विरोध छ ।

सतीले नेपालमा कसैको पनि विवेक नहोस् भन्ने सराप दिएकी थिइन् भनिन्छ । त्यो पनि मिलेको छ । कुलमान घिसिङ प्रतिभाशाली थिए । तर प्रतिभा (ट्यालेन्ट) को कदर भएन । प्रधानमन्त्री र ऊर्जामन्त्री ( सरकार) ले कुलमान घिसिङलाई बर्खास्त गरे । कुलमानले विद्युत् प्राधिकरणमा सुधार गरे । लोडसेडिङ अन्त्य गरे, उज्यालो दिए । घाटाको प्राधिकरणलाई नाफामा लगे । देशको ढुकुटीमा करोडौं कर तिरे । राम्रो कामको छाप छाडे । आज नेपाली जनता 'कुलमान आऊ, प्राधिकरण बचाऊ' भनिरहेका छन् । इमानदारिता र लगनशीलताले सुधार असम्भव हुँदैन भन्ने कुरा कुलमानले सावित गरे । कुलमान वर्षकै 'सर्वोत्कृष्ट कार्यकारी निर्देशकको उपाधि र गणतन्त्र दिवसमा विभूषणले सम्मानित हुन योग्य प्रशासक' थिए । तर सरकारले खेदो खनेर उनलाई हटाउनुलाई नै पहिलो लक्ष्य बनायो । सरकारले धन्यवादसमेत दिएन । नेपाल सतीले सरापेको देश मानिन्छ । सतीले सरापेकैले अधिकारवालाहरूमा विवेक हुँदैन भन्ने मान्यता छ ।

सही पदमा गलत मानिस पर्‍यो भने संगठन ध्वस्त हुन्छ । सही मानिस पर्‍यो भने संगठन उचाइमा पुग्छ । प्राधिकरण नोक्सानमा जानु र लोडसेडिङ हुनुको कारण कुलमानभन्दा अगाडि प्राधिकरणले सही मानिस पाएको रहेनछ भन्ने प्रमाण हो । एरिसटोटलको भनाइ र 'सतीको सराप' को कुरा मिल्यो । प्राधिकरणमा 'नीति निर्माता' वर्ग र 'नीति लागू गर्ने' वर्ग हुन्छन् । कुलमान 'नीति लागू गर्ने' कर्मचारी वर्गमा पर्दछन् । 'नीति निर्माता' वर्गलाई अख्तियारवाला भनिन्छ । यो वर्ग कर्मचारीका लागि शक्ति केन्द्र पनि हो । प्राधिकरणको अख्तियारवाला भनेको 'सञ्चालक समिति' र केही हदसम्म सरकार पनि हो । सतीको सराप नपरेमा अख्तियारवालामा विवेक हुन्छ । प्रतिभाको कदर हुन्छ । कामको निष्पक्ष मूल्यांकन हुन्छ । संगठनको शक्ति नै कर्मचारी ठान्छ । कर्मचारीप्रति खराब भावना, द्वेष, ईर्ष्या राख्दैन । नियुक्तिपछिको आजको कुलमानको 'अख्तियारवाला' मा विवेक नभएका लक्षण देखिए । 'अख्तियारवाला समूह' कुलमान घिसिङलाई बर्खास्ती गर्ने अभियानमा लागे । कुलमानको कर्तव्य उपभोक्ताबाट महसुल असुल गर्ने गराउने हो । तर 'अख्तियारवाला' लाई पचेन । कर्तव्यको पालनालाई अपराध ठानियो । नेपाल कानुनअनुसार विद्युत् महसुल असुल नगर्नू भन्ने र महसुल चुक्ता नगर्दै लाइन जडान गर्नू भन्ने दबाब दिनु भ्रष्टाचार हो र अख्तियारको दुरुपयोग थियो । प्राधिकरणमाथि हस्तक्षेप पनि हो ।

ऐनले प्राधिकरणलाई व्यापारिक उद्देश्यले चल्नुपर्छ भनेको छ । विद्युत्को महसुल असुल नगर्ने हो भने प्राधिकरण चल्नै सक्दैन । महसुल असुल गर्ने कारबाही चलाउनु अपराध थिएन । तर विद्युत् महसुल असुल गरेबापत प्रधानमन्त्री र मन्त्रीद्वारा सार्वजनिक कार्यक्रममै कुलमानको अपमान गरियो । बिनाकारण कुलमानसँग स्पष्टीकरण मागियो । कुलमानले स्पष्टीकरण दिए । कुलमानप्रति सरकार पूर्वाग्रही र बदनियतपूर्ण थियो । स्पष्टीकरण हेरिएन, बर्खास्त गरियो ।



कुलमानको बर्खास्तीको क्रमलाई मिडियाले सार्वजनिक गर्दै गएका थिए । प्राधिकरण स्वशासित कानुनी संरचना भएकाले यसको सञ्चालन सरकारले गर्ने होइन । समितिले गर्छ । प्राधिकरणको अवधारणा बुझ्न बेलायत र अमेरिकाको प्राधिकरण बुझ्नुपर्छ । प्राधिकरण वा कर्पोरेसन गठन गर्नुको मतलब सरकारी हस्तक्षेप र नियन्त्रण मुक्त बनाउनु हो । नेपालमा मन्त्रालय र विभागहरू हुन्थे । त्यसबाट काम द्रुतगतिमा हुन सकेन । त्यसैले प्राधिकरण र कर्पोरेसन गठन गर्न थालियो । दोस्रो विश्वयुद्धपछि युरोपमा कम्युनिजमको प्रभाव बढ्दै गयो । कम्युनिजमले प्राधिकरण वा कर्पोरेसन गठन गर्दैन । कम्युनिजमले सधैं सबै निकाय राष्ट्रियकरण गरेर आफ्नै नियन्त्रणमा राख्न चाहन्छ । तर प्रजातन्त्रले निजीकरण गर्न चाहन्छ । कम्युनिजम विचारधारा र प्रजातान्त्रिक विचारधाराको 'कम्प्रोमाइज' भयो । खुला बजार अर्थतन्त्र रुचाउनेहरूले राष्ट्रियकरणको विरोध गरे ।

त्यसको सट्टा प्राधिकरण र कर्पोरेसन विकल्प दिए । त्यहीँबाट प्राधिकरण जस्ता स्वशासित संस्थाहरू गठन सुरु भयो । बेलायतको ग्यास अथोरिटी, लन्डन ट्रान्सपोर्ट, बीबीसी आदिलाई हेर्न सकिन्छ । अमेरिकामा चाहिँ कर्पोरेसन र प्राधिकरणहरू गठन हुन थाले । 'टेनेसी भ्याली अथोरिटी' अमेरिकामा प्राधिकरण वा कर्पोरेसनको नमुना मानिन्छ । यी गठनको उद्देश्य सरकारी हस्तक्षेप मुक्त गरेर वित्तीय तथा नीतिगत स्वायत्तता प्रदान गर्नका लागि हो । सरकारी निर्णय प्रक्रियामा 'रेडटेपिजम' हुन्छ । निर्णय प्रक्रियामा ढिलाइ हुन्छ भनेरै कर्पोरेसन र प्राधिकरणहरू गठन गरिन्छ । कुलमानको बर्खास्तीले नेपाली उखान 'नाङ्लो ठटाएर हात्ती तर्साउने' लाई सम्झाउँछ । उनको बर्खास्ती सरकारको पहुँच पुग्ने संस्थानहरूमा भइराखेको नियुक्ति र कायम नेतृत्वलाई चेतावनी हो ।

साभार : कान्तिपुर ।





जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




स्वास्थ्य कार्यालय
जलेश्वर
महोत्तरी





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday